# गंगादेव गाउँपालिकाको दशौं गाउँसभासमक्ष गाउँपालिका प्रमुख श्री बीर बहादुर खत्रीद्धारा प्रस्तुत तथा गाउँ सभाबाट पारित आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम

**गंगादेव गाउँपालिका**

**सानडाँडा, रोल्पा**

२०७८

१.गंगादेव गाउँपालिकाको यस गरिमामय गाउँसभासमक्ष गंगादेव गाउँ कार्यापालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

२.यस अवसरमा सर्वप्रथम लोकतन्त्रको बहाली, नागरिक अधिकारको स्थापना, स्वतन्त्रताको उपभोग र समाजको आमूल परिवर्तनका लागि आफ्नो जीवन बलिदान दिने ज्ञात अज्ञात शहिदहरु प्रति म उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। मुलुकको राजनीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रको स्वरुपमा ल्याउन योगदान गर्नुहुने सम्पूर्ण अग्रज योद्धाहरुमा हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

३.आफ्नो अमूल्य मत दिएर हामीलाई विजय गराउनु हुने गंगादेव गाउँपालिकावासी सम्पूर्ण मतदाताहरुप्रति पनि पुनःआदर भाव व्यक्त गर्न चाहन्छु।

४.नेतृत्वले नतिजा नियाल्ने र कर्मचारीले प्रक्रिया सम्हाल्ने विधिबाट सुशासन, विकास र समृद्धिको यात्रा सहज हुने मेरो बुझाई छ ।

५.जनताको पूर्ण लोकतन्त्र, विधिको शासन, सुशासन सहितको विद्युतीय शासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य, सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समतामूलक एवम् न्यायपूर्ण समाजलाई आदर्शको रुपमा लिदैं स्वच्छ, सफा, शान्त, सुशासनयुक्त, समृद्ध र सुखी गाउँपालिकाको निर्माणको लागि गंगादेव गाउँपालिका सधै प्रतिवद्ध छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

६.यस सम्मानित गाउँसभामा यो अवगत गराउन चाहान्छु की गाउँपालिकाको जग्गा खरीद प्रकृयामा केहि गलत ब्यक्तिहरु मिलि बेलबहादुर दमाईले अदालतमा अनावश्यक मुद्दा दिएको हुनाले हाम्रो गाउँपालिकाको आफ्नै भवन वनाउने चाहाना हुदा दुदै पनि पुरा हुन नसकेको पनि यो सम्मानित सभालाई जानकारी गराउद छु । यि समस्या संग जुझ्दै हामी सबैको वुद्धि बिबेक तथा लगनशिलतालाई गाउँ टोल तथा समग्र गाउँपालिकाको विकास र समृद्धिका लागी उपयोग गर्यौं भने मात्र विकास र संमृद्ध संभव छ । तर केहि राजनैतिक प्रतिशोध गर्ने ब्यक्तीहरुले विपरित पश्चागामी दिशातिर तान्न कोसिश गरिरहेका छन् । त्यसबाट हामी सचेत नागरिकको अग्रगामि सोच बाट गलत कार्य निर्मुल गर्नु पर्दछ ।

७.गंगादेव गाउँपालिकाको विकास तथा संमृद्धिको लागी " कृषि, पर्यटन र पुर्वाधारमा आत्मनिर्भर्ता, सुखी, शान्त र सुशासनयुक्त गाउँपालिका" भन्ने मुल नारालाई अवलम्बन गरिने छ ।

८. यस गाउँपालिकामा स्थानीय सरकारका तीन ओटै अंगहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाकोरुपमा क्रमशः गाउँ कार्यपालिका, गाउँरसभा र न्यायिक समिति क्रियाशील अवस्थामा छन् । गाउँ कार्यपालिकाको कार्यसम्पादन नियमावली र कार्यविभाजन नियमावली अनुसार कार्यविभाजन र कार्यसम्पादन भैरहेको छ । गाउँ कार्यपालिकाभित्र विषयगत क्षेत्रको कार्यका लागि कार्यपालिका सदस्यहरुलाई कार्यको क्षेत्राधिकार समेत तोकी जिम्मेवारी दिइएको छ । सबै वडा कार्यालयहरु तोकिएको केन्द्रमा संचालन भइरहेका छन्। विषयगत शाखाहरु क्रमशः स्थापना भई अहिले नेपाल सरकारले स्वीकृत गरेको संगठनात्मक स्वरुप बमोजिम जनशक्तिको प्रबन्ध भैरहेको छ ।दैनिक सेवा प्रवाहलाई शीघ्र, सहज र सुलभ बनाउने प्रयास गरिएको छ। विकासका आयोजनाहरु जनताले मागेका र शीघ्र लाभ दिने खालका योजना तथा कार्यक्रमलाई छनोट

गरिएको छ। अनुगमन कार्यलाई तीब्र पारिएको छ। साविकमा असार महिनामा अन्तिम भुक्तानीका लागि अत्यधिक चाप हुने अवस्थालाई कम गर्न भरपुर प्रयास गरिएको छ।

९. नेपाली जनताको बलिदानपुर्ण संघर्षबाट संविधान सभाले बनाएको संविधानले व्यबस्था गरेका मौलिक हकहरु कार्यान्वयनका लागि स्थानिय तहबाट गर्नुपर्ने कानुनी तथा नितिगत व्यवस्था गरिनेछ । नेपालको संविधान र सोहि संविधान अनुसार बनेका कानुनी व्यवस्थाहरुमा स्थानिय तहलाई प्राप्त अधिकारहरुको कार्यान्वयन गरि गाउँपालिकाको सस्थागत क्षमता विकास गर्न कानून निर्माणको कार्यलाई तिव्रता दिइने छ । संविधानको मर्म विपरित नहुनेगरि गाउँपालिकाको आवश्यकता र यहाँको परिवेश अनुसार कानूनहरुको निर्माण तथा परिमार्जन गरिनेछ ।

१०. हाम्रो गाउँपालिका भौगोलिक तथा जैविक विविधतायुक्त छ । यस गाउँपालिका भित्र केही समुदायहरु बीच सामाजिक—साँस्कृतिक विभेद तथा आर्थिक पछौटेपन, चरम गरीबी, बाल विवाह, बहुविवाह, बेरोजगारी, कुपोषण, अशिक्षा जस्ता सामाजिक समस्याहरु रहेका छन् । यस प्रकारका विविधता र समस्याहरुको वीच सामाजिक साँस्कृतिक सदभाव र सहिष्णुताको माध्यामबाट समतामुलक र न्यायमा आधारित समुन्नत समाज निर्माण गर्नु हाम्रो मूल ध्येय हो ।

११. दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन सहभागितामूलक योजना तर्जुमा प्रक्रिया एवम् दिगो विकासको लक्ष्य अनुसार वडा, टोल वस्तीबाट प्राथमिकताका साथ छनोट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका शिक्षा, स्वास्थ्य, कृषि, ग्रामिण सडक, ऊर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा संचार प्रविधि, सहकारी, उद्योग तथा वाणिज्य, वन तथा वातावरण, संस्थागत

विकास तथा सेवा प्रवाहसँग सम्बन्धित आयोजनाहरुको प्रतिफल सुनिश्चित हुने गरी कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ ।

१२. नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकता र नागरिक सर्वोच्चतालाई संवैधानिक, कानूनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको छ । संविधान प्रदत्त अवसर, राज्यबाट गरिने सेवा सुविधा, समग्र सुरक्षा र सम्मान सबै जनताले सहज, अनुकूल र वास्तविक अर्थमा अनुभूति हुने किसिमले प्राप्त गर्न सकुन भनेर नै राज्य पुर्नसंरचना गरिएको हो । राज्य पुर्नसंरचनाको मूल उद्देश्य जनताको घरदैलोमा सुशासन सहितको भएकोले त्यसलाई व्यवहारिक रुपमै कार्यान्वयन गराउन एवम जनतालाई राज्य भएको अनुभूति दिलाउन "समुदाय, संगठन र कर्मचारी सवलीकरण" मा जोड दिईनेछ ।

१३. समृद्ध गाउँपालिका निर्माणको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाईनेछ । राजश्व र कर प्रशासन सम्बन्धि नीतिको निर्माण गरी पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार प्रगतिशील एवम् समतामूलक कर सिद्धान्त अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी संस्थागत र कानूनी व्यवस्था गरिनेछ । आन्तरिक आम्दानीलाई बढाउँदै आत्मनिर्भर र आफैमा सक्षम गाउँपालिका निर्माणको लागि संभव भएसम्मका सम्पूर्ण उपायहरु अवलम्बन गरिनेछ । कर नतिर्ने, कर छलि एवम् चुहावट गर्ने, संकलित राजश्व दुरुपयोग गर्ने व्यक्ति एवम् निकायको पहिचान गरी दण्डित गरिनेछ ।

१४. भिन्न फलफुल तथा तरकारी कृषि पकेट क्षेत्रको निर्धारण तथा पहिचान गरि कृर्षी औजर तथा विरुवाहरुमा अनुदानको ब्यवस्थ

गरिनेछ । एक घर एक करेसा वारीको अवधारणलाइ अवलम्बन गरी कृर्षि उत्पादित बस्तु निर्यात कृर्षकलाइ मल तथा विउ विजनमा अनुदानको ब्यवस्था गरिनेछ । मासु, अण्डा, र दुधमा आत्म निर्भर हुनेगरि बाख्रापालन, कुखुरापालन, माछ्रापालन, माहुरीपालन, भैसीपालन, फलफुल तथा तरकारी एवम अन्नबालिमा आत्मनिर्भर हुने गरि स्याउ, सुन्तला, कागति, ओखर, किबि, तरकारी, मकै,आलु सम्बन्धि अनुदान रकम उपलब्ध गराइने छ ।

१५. परम्परागत कृर्षी प्रणालिलाइ आधुनिकिकरण गर्नको लागी प्रविधिमैत्री कृर्षि प्रणालिमा जोड दिइनेछ। वेमौसमि तरकारी तथा फलफुल खेति गर्ने किसानको लागी आवश्यक अनुदान तथा प्रोत्साहनको ब्यवस्था गरिनेछ

१६. गाउँपालिका भित्रका एक वडा एक महिला संजाल गठन गरी महिला सहकारी दर्ता गर्नको लागी आवश्यक पहल गरिनुको साथै विशेष अनुदानको ब्यवस्था गरिनेछ ।

१७. गाउँपालिका भित्रका किसानहरुलाइ आत्म निर्भर बनाउन तरकारी, फलफूल, अदुवा बेसार, कागति, सुन्तला, ओखर र टिमुर को विरूवा वितरण कार्यक्रमलाइ अवलम्बन गरिनेछ । पकेट क्षेत्रको रुपमा विकास भएका स्थानका कृषक समुह वा सहकारीलाई विरुवाको हेरचाह एवम जैविक विषादि र प्राङ्गारिक मलखादमा सहयोग पुग्ने गरि अनुदान उपलब्ध गराइने छ । उत्कृष्ट कार्य गर्ने कृषि फर्म वा किसानलाई पुरस्कृत गरिनेछ ।

१८. गंगादेव गाउँपालिका वडा नं. ३ मा सञ्चालन भएको स्मार्ट कृषि गाउँकार्यक्रमलाई प्रदेश तथा संघिय सरकार संग समन्वय गरि

गाउँपालिकाबाट समेत थप विस्तार गरि अन्य वडाहरुमा पनि स्मार्ट कृषि गाउँको अवधारणालाई अगाडि बढाइने छ ।

१९. गाउँपालिका भित्रका ब्यक्तिगत फार्म दर्ता गरी ब्यवसायिक रुपमा पशुपालन गर्ने उत्कृट फर्महरुलाइ अनुदानको ब्यवस्था गरिनेछ ।

२०. कृषि क्षेत्रलाई उत्पादन र जिविकोपार्जन मुखि बनाउन सम्भाव्यताको अध्ययनगरि जलबायु माटो र भुगोलको अनुसार पकेट क्षेत्र निर्माण गरि एक गाउँ एक उत्पादन कार्यक्रमलाई अगाडि बढाइने छ ।

२१. गाउँपालिक भित्रका अति विपन्न तथा गरिव परिवारलाइ गाउँपालिक बाट आवश्यक निति वनाइ राहतको कार्यक्रमको ब्यवस्था गरिनेछ ।

२२.गाउँपालिक भित्रका ४५ वर्षका अविवाहित महिला र पुरुषहरुलाइ गाउँपालिका बाट आवश्यक निति निर्माण गरि एकल भत्ताको ब्यवस्था गरिनेछ । गाउँपालिका भित्रका संपुर्ण विधुरहरुको लागि आवश्यक नितिको निर्माण गरि एकल भत्ताको ब्यवस्था गरिनेछ ।

२३. गाउँपालिकाले विभिन्नका स्थानमा वन संरक्षण तथा संम्बर्धनको लागि रिचार्ज पोखरीको ब्यस्था गरिनेछ । गाउँपालिका भित्रका कृर्षी फार्म तथा समुहलाइ सिचाँइ पोखरीमा अनुदान दिइने छ ।

२४. उद्योग दर्ता सञ्चालन गरेका ब्यक्तिहरुलाइ तालिम तथा आर्थिक सहयोगको ब्यवस्था गरिनेछ ।

२५. गंगादेव गाउँपालिकाको वडा नं ३ मा निर्माणाधिन चिस्यान केन्द्रलाइ स्तरउन्नतिको लागी आवश्यक पहल गरिनेछ ।

२६. गाउँपालिका भित्रका सम्पुर्ण पशु फार्म तथा पशुपालन गर्ने कृषकहरुको लागी पशु विमा को अवधारणलाइ अघि वढाइने छ । पशु स्वास्थ्य शिविरलाइ निरन्तरता दिइने छ ।

२७. गाउँपालिका भित्रका सम्पुर्ण वडाहरुमा एक वडा एक पशु प्राविधिकको ब्यवस्था गरिनेछ । पशुपालन क्षेत्रमा पशुपालन पकेट क्षेत्रको पहिचान गरी पकेट क्षेत्रको ब्यावस्था गरिनेछ ।

२८.गाउँपालिका भित्रका विभिन्न कृर्षि फर्म तथा किसानहरुको लागी कृर्षि क्षेत्रमा थोपा सिचाइ प्रविधिलाइ जोडदिइने छ ।

२९. बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइने छ । गाउँपालिका भित्र दुग्ध डेरीको स्थापन गर्ने ब्यक्ति, समुह तथा सहकारी संस्था लाइ आवश्यक अनुदानको ब्यवस्था गरिनेछ ।

३०. गाउँपालिका भित्रका विभिन्न पर्यटन स्थल, धार्मिक तथा संकृतिक महत्व बोकेका स्थान हरुको पहिचान गरि विकास तथा प्रचार प्रसारको लागी आवश्यक कार्ययोजना बनाइ बजेटको ब्यवस्था गरिनेछ ।

३१. वन वातावरण तथा प्राकृतिक स्रोत संरक्षणलाइ दिगो उपयोग गर्दै जलवायु परिवर्तनको नकारात्मक प्रभावलाइ न्युनिकरण गर्न आवश्यक निति वनाइ गाउँपालिका बाट आवश्यक पहल गरिनेछ ।

३२. गाउँपालिका भित्र उपयुक्त स्थानको पहिचान गरि गाउँपालिकाले संचालन गर्ने गर्न आवश्यक निति तयार गरी लोकसेवा आयोग तयारी कक्षा संचालन गरिनेछ ।

३३.गाउँपालिका भित्रका दलित, महिला, द्वन्दपिडित, सहिद परिवार, घाइते, विपन्न तथा सिमान्तकृत समुदायको आत्मनिर्भताको लागि सिपमुलक तालिमको ब्यवस्था गरिनेछ ।

३४.गंगादेव गापा भित्रका आधारभुत तह संचालन भएका विद्यालयहरु मध्य उत्कृष्ट विद्यालय छनौट गरि आवश्यक निति निर्माण गरी गापा भित्रको नमुना विद्यालय घोषणा गरिनेछ ।

३५.विपन्न वर्गका जेहेन्दार बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ । भर्ना अभियानलाई प्रभावकारी तुल्याई सामूदायिक विद्यालयहरुमा बालबालिका एवम् अभिभावकहरुलाई आकर्षित गर्न गुणस्तरिय पठनपाठनका अतिरिक्त यस आर्थिक वर्षमा विषेश आकर्षणका कार्यक्रमहरु संचालन गरिनेछ । विद्यालय सुधारकोलागि व्यापक सूचना प्रविधिको प्रयोग गरिनेछ ।

३६.गाउँपालिका भित्रका वालविकास शिक्षकको लागी तालिमको ब्यस्था गरिनेछ । वालबालिकालाइ विद्यालय पठाउ अभियान लाइ प्राथमिकिकरण गरिनेछ ।

३७. विद्यालयमा प्रयोगात्मक शिक्षणलाइ जोड दिनकोलागी गाउँपालिकाबाट उचित स्रोत साधनको ब्यवस्था गरिनेछ । गाउँपालिका भित्रका सबै मा वि विद्यालयमा प्रविधि मैत्रि शिक्षणको लागी ICT कक्षाको ब्यावस्थापन गरी स्मार्ट लर्निङको लागी आवस्यक स्रोत साधनको ब्यवस्था गरिनेछ ।

३८.विद्यालयको आवश्यकताको आधारमा विद्यालय भवनको निर्माण गरिनेछ ।

३९.उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यालय, उक्त विद्यालयमा कार्यरत उत्कृष्ट शिक्षक एवम विद्यार्थिलाई पुरस्कारको व्यवस्था गरिनेछ । वडा शिक्षा समितिलाई थप क्रियाशिल वनाइने छ।

४०.गाउँपालि भित्रका गाउपालिका अनुदान शिक्षकहरुको तलव भत्तामा क्रमशः प्रा वि तह रु १६ हजार, आधारभूत तह रु १७ हजार र मावि तहको रु २१ हजार पुऱ्याइने छ ।

४१.गाउँपालिका भित्र मा वि विद्यालयमा प्राविधिक धारको कक्षा संचालनमा जोड दिइने छ । वालविकास तथा सबै तहको लागी मनोरञ्जन सहितको कक्षा संचालनमा जोड दिइने छ ।

४२.गाउँपालिका भित्रका सबै मा वि विद्यालयमा किशोर किशोरीको नियमित स्वास्थ्य जाँचको ब्यवस्था गरिनेछ ।

४३.स्थानीय स्तरमा विभिन्न तहका खेलाडिहरुलाइ खेलकुदमा प्रोत्साहन गर्न खेलकुद सामाग्री वितरण गरि विभिन्न स्तरका खेलकुदमा सहभागी गराउनको लागी गापाले आवश्यक पहल गर्ने छ । गा पा भित्रका सम्पुर्ण वडाहरुमा एक वडा एक खेलमैदानको अवधारणा ल्याइने छ ।

४४.गाउँपालिक भित्रका वडाहरुमा आवश्यकताको आधारमा वडा अध्यक्षकप खेलकुदको संचालन गरिनेछ ।

४५.गाउँपालिकाको अध्यक्षकप खेलकुदलाई नियमितता दिइने छ

४६.गाउँपालिका भित्रका विद्यालयहरुमा स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइ आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।

४७.अति विपन्न समुदायका नागरिकहरुको स्वास्थ्य सेवा सुनिश्चितताको लागि स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।

किलोठोके र गमथलेका सामुदायिक स्वास्थ्य इकाईलाई ब्यवस्थित गरी थप सेवा प्रदान गरिनेछ ।

४८.यस आर्थिक वर्षमा गाउँपालिकाको आफ्नै एम्बुलेन्स बाट सहुलिएत दरमा सेवा प्रदान गरिनेछ । गाउँपालिकाको समुदायिक औषधी पसललाई थप ब्यवस्थिति र प्रभाकारी बनाइने छ ।

४९.गाउँपालिका भित्रका विभिन्न स्वास्थ्य चौकि, आधारभुत स्वास्थ्य चौकि तथा बर्थिङ सेन्टरको भौतिक पुर्वाधार विकासमा बिशेष जोड दिइने छ ।

५०.गाउँपलिकाका स्वयंसेविकाको लागी पारिश्रमिकको ब्यवस्था गरी आवश्यक तालिमको पनि ब्यवस्था गरिनेछ ।

५१.गाउँपालिकाको विभिन्न स्थानामा खोप केन्द्रको निर्माण गरी व्यवस्थापन गरिनेछ । गाउँपालिकाको विभिन्न स्थानमा आवश्यक्ताको पहिचान गरी वर्थिङ सेन्टरको निर्माण गरिनेछ ।

५२.बालविवाह निरुत्साहित कार्यक्रमलाई अबलम्बन गरिनेछ र बालविवाह अन्त्य गर्ने वडाहरुलाई सम्मान सहित पुरस्कृत गरिनेछ ।

५३.सुत्केरी स्याहार कार्यक्रलाइ निरन्तरता दिइने छ ।

५४.महिला आमा समुहलाइ सचेता तथा सिपमुलक अभिमुखिकरण तालिमको ब्यवस्था गरिनेछ ।

५५.हिंसामा परेका महिला तथा पुरुषलाई तत्काल उद्धार गरी पिडितलाई स्वास्थ्य तथा सामाजिक मनोपरामर्शको ब्यवस्था गरिनेछ र पिडितहरुको लागि कोष खडा गरी उनिहरुलाइ समाजमा सबल बनाइने छ ।

५६.गाउँपालिका अन्तर्गत जिनावाङ स्वास्थ्य चौकीमा ग्रामिण भिडियो एक्स-रे सेवा तथा इ सि जि सेवा संचालनको लागि पहल गरिनेछ ।

५७.आकस्मिक स्वास्थ्य सेवा तथा विपतमा परेका नागरिकको तत्काल उद्दारको लागी गंगादेव गाउँपालिकाका विभिन्न स्थानहरुमा हेलिप्याडको निर्माण गरिने छ ।

५८.गाउँपालिका भित्रका दिर्घरोगीहरु पहिचान गरी आवश्यक राहत वितरणमा जोड दिइनेछ । गाउँपालिका भित्र मातृशिशु मृत्युदर घटाउन आवश्यक जनचेतनामुलक कार्यक्रम संचालन गरी गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्था तथा वर्थिङ सेन्टरमा प्रयाप्त पुर्वाधारको व्यवस्था गरिनेछ ।

५९.गंगादेव गाउँपालिकामा १५ शैयाको आधारभूत अस्पताल निर्माण गरी आधारभुत स्वास्थ्य सेवालाई विस्तार गरिनेछ । साथै आवश्यकताका आधारमा स्वास्थ्य संस्थामा प्रयोगशाला विस्तार गरी थप सेवा विस्तार गरिनेछ ।

६०.गाउँपालिका भित्रका स्वास्थ्यकर्मीहरुको लागि जोखिम भत्ता तथा निःशुल्क विमाको व्यवस्था गरिनेछ । गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधीहरुको लागि आधारभूत स्वास्थ्य तालिमको व्यवस्था गरी पालिका भित्रका कर्मचारी तथा जनप्रतिनिधीहरुको लागि नियमित चेकजाँचको व्यवस्था गरिनेछ ।

६१.गाउपालिका भित्रका जेष्ठ नागरिक तथा अशक्त व्यवक्तीहरुको लागि घरदैलो कार्यक्रम गरी नियमित स्वास्थ्य चेकजाँचलाई नियमितता दिइनेछ । गाउँपालिका भित्र आवश्यक्तालाई पहिचान गरी निःशुल्क आँखा तथा स्वास्थ्य शिविर संचालन गरिनेछ । गंगादेव गापा

भित्रका ज्येष्ठ नागरिकहरुको लागी तिर्थ यात्राको ब्यवस्था गरिनेछ ।

६२. कोभिड-१९ रोग विरुद्ध रोकथाम गर्न स्पेशल क्वारेन्टाइन, भरणपोषण र अनिवार्य एन्टिजिन तथा पी.सी.आर. चेकजाँचको व्यवस्था गरिनेछ ।

६३. प्रत्येक स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन व्यवस्थाको लागि पहल गरिनेछ । गा पा भित्र मेरी छोरी कार्यक्रमलाई अवलम्बन गरि छोरी जन्मदिने आमाहरुको लागी विशेष प्याकेज कार्यक्रमको ब्यवस्था गरिनेछ ।

६४. गाउपालिका भित्रका विभिन्न स्थानमा आवश्यकतालाई मध्य नजर गरि लिफ्टिङ तथा ग्राभिटी प्रणाली खानेपानिको ब्यवस्था गरिनेछ । पूर्ण सरसफाई उन्मुख वडा घोषणा भैसकेका वडा नं. २ र ३ लाई पूर्ण सरसफाई युक्त वडा तथा बाँकि वडाहरुलाई पूर्ण सरसफाई उन्मुख वडा घोषणाको लागि कार्यक्रम तय गरिनेछ ।

६५.गाउँपालिका भित्रका मुख्य मसानघाटहरुमा प्रतिक्षालय निर्माण गरि शवदाहन गृह निर्माण गरिनेछ ।

६६.गाउँपालिका भित्रका विभिन्न क्लवहरुलाई गाउपालिका स्तर बाट क्रियाशील वनाई सामाजमा सकारात्मक परिवर्तनको लागी टेवा पुऱ्याउने क्लवहरुलाइ मापदण्ड पुरा गरि प्रोत्साहन गरिनेछ ।

६७.गाउँपालिका भित्र मौलिक संस्कृतिको रुपमा रहेका बिभिन्न नाच, बाजागाजा, मठ मन्दिर, कला साहित्य जस्ता क्षेत्रको संरक्षन तथा विकास गरिनेछ ।

६८.गाउँपालिका भित्रका पर्यटकिय स्थललाई पहिचान गरी पर्यटकिय स्थानमा भौतिक पुर्वाधारको निर्माण गरिनेछ ।

६९. गंगादेव गापाको वडा नं ३ मा रहेको सुनिल स्मृति सहिद पार्क मनिमारेलाई पर्यटकीय स्थलको रुपमा प्रचार प्रसार गरि थप विकासको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

७०. गाउँपालिका तथा वडास्तरका विभिन्न खेलका खेलाडीहरुको वर्गिकरण गरी आवश्यक प्रशिक्षणको व्यवस्था गररिनेछ ।

७१. लैगिंक समानता, महिला सशक्तिकरण, लैगिंक मुलप्रवाहिकरण र महिला सहभागिता बृद्धि गरिनेछ । लघुउद्यम तथा सिप विकास सम्बन्धि कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र , समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिने छ । जुनसुकै किसिमका महिला हिंसा विरुद्ध कठोर कदम चालिने छ । महिला हिंसाको प्रमुख कारणको रुपमा रहेको अशिक्षा, अभाव, अन्धविश्वास र पछ्यौटेपन हटाउन विशेष अभियानात्मक कार्यक्रम सञ्चालन गरिनेछ । सामाजिक मुल्य, मान्यताको संरक्षण एवम सम्बर्धन गरिनेछ । बालविवाह गर्ने तथा गराउने दुबैलाई कानुनको कठघरामा उभ्याइने छ । बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप, छुवाछुत एवम अन्य सामाजिक कुरिती अन्त्य गर्न विशेष सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७२. सामाजिक संकृतिक विषयमा छुवाछुत, कुरीति तथा अन्धविश्वास मुक्त कार्यक्रम संचालन गरिनेछ र अन्तरजातिय विवाहलाई प्रोत्साहन गरिनेछ ।

७३. लक्षित वर्ग क्षेत्र एवम समुदाय केन्द्रित व्यवसायिक एवम सिपमुलक तालिमहरु संचालन गरि त्यस्ता वर्गको शसक्तिकरण गर्ने निति अवलम्वन गरिनेछ ।

७४.टुहुरा, अनाथ एवम संरक्षण विहिन बालबालिकालाई वैकल्पीक संरक्षणका लागि उचित व्यवस्थापनमा पहल गरिनेछ । आपतकालिन बालसंरक्षण कोष स्थापना गरिनेछ ।

७५.अपांगता भएका व्यक्तिलाई सिपमुलक एवम व्यवसायिक तालिम प्रदान गरि रोजगारमा जोड दिइनेछ ।

७६.गाउँसडक गुरुयोजना निर्माण गरि लागु गरिनेछ । गुरुयोजना भन्दा बाहिर र बातावरणीय प्रभाव मुल्याङ्कन नगराइ जथाभावि सडक बनाउने कार्यलाई पुर्णरुपमा बन्द गरिनेछ । सञ्चालनरत सडकलाई दिगो रुपमा संचालन हुने किसिमले स्तरोन्नति गरि बाह्रै महिना सुचारु हुने व्यवस्था गरिनेछ ।यसको लागि संघिय सरकार र प्रदेश सरकार संगको समन्वयमा अगाडि बढिने छ ।

७७.संघिय सरकार एवम प्रदेश सरकारसंगको साझेदारीमा सडक स्तरोन्नतिको लागि समपुरक बजेटको व्यवस्था गरिनेछ ।

७८.प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारितामा ल्याई वेरोजगार युवा युवतीहरुको लागि रोजगारको ब्यवस्था गरिनेछ ।

७९.गाउँपालिका भित्रका खोलाहरुमा आवश्यकताको आधारमा काठेपुल निर्माण गरिनेछ ।

८०.फुसको छानामुक्त कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक अनुदानको ब्यवस्था गरिनेछ ।

८१.गंगादेव गाउँपालिकाका वडा नं ४ र ५ को लागी जग्गा खरिद गरिनेछ ।

८२.गाउँपालिका भित्र सम्पुर्ण टोलहरुमा घोरेटो/गोरेटो वाटोको निर्माण गरिनेछ ।

८३.गापा भित्र कम्तिमा ३ वटा टोल समेटने गरी मोबा ट्र्याक ओपन तथा निर्माण भएका मो बा को स्तर उन्नति गरिनेछ ।

८४.राँक खोला, तिमिले खोला, म्वालेखोला, जिनावाङ खोला तथा आवश्यकताका आधरमा अन्य खोलाहरुमा तारजालिको ब्यवस्था गरिनेछ ।

८५.सुखाओडार, लोदचौर तथा आवश्यक्ताका आधारमा पक्की पुलको निर्माण गरिनेछ । पालिका भित्रका झोलुङ्गे पुलहरुलाई मर्मत गरिनेछ ।

८६. गाउँपालिका जोड्ने सडकलाई कालोपत्रे गर्न प्रदेश तथा संघिय सरकारलाई पहल गरिनेछ ।

८७.यस गाउँपालिका भित्र संचालनमा रहेका लघु जलविद्युतहरुको क्षमता वृद्धिको लागि संम्भाव्यता अध्ययन गरिनेछ ।

८८.नविकरणीय उर्जा विशेष जोड दिइनेछ । सबै सरकारी तथा विद्यालयमा उर्जाको व्यवस्था गरिनेछ ।

८९.उर्जा विकासको लगि सम्भाव्यता अध्ययन, सर्वेक्षण, डिजाइन, अन्वेशन, उत्खनन र अनुसन्धान तथा प्राविधिक परामर्शका लागि बजेट व्यवस्था गरिनेछ ।

९०.यस गाउँपालिकाको सबै वडामा केन्द्रिय विद्युत लाइन विस्तार गरी गापा लाइ अँध्यारो मुक्त गराइने छ ।

९१.सामुदायिक वन विकास कार्यक्रम, नाङ्गा डाडाहरुमा वृक्षारोपन कार्यक्रम, डालेघाँस रोप्ने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।

९२.यस गाउँपालिका भित्र मुहानहरुको संरक्षणको लागि प्रत्येक वडामा मुहान संरक्षणको अभियान संचालन गरिनेछ । मुहानको वरिपरि

रुखरोप्ने कार्यलाई कडाइका साथ लागु गरिनेछ । महत्वपुर्ण खोला, पोखरी आदि क्षेत्रको पहिचान गरि संरक्षणमा विशेष जोड दिइनेछ ।

९३. सूचना तथा संचार क्षेत्रमा पछाडि परेको यस गाउँपाकिालाई सूचना तथा संचार प्रविधि संग आवद्ध गर्न विशेष पहल गरिनेछ । गाउँपालिका आम नागरिकहरुलाई इन्टरनेट सेवाको पहुचमा ल्याउन गापाको विभिन्न स्थानमा इन्टरनेट टावरको निर्माण गरिनेछ ।

९४. गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधी र आधारभुत तथा माध्यामिक विद्यालयका कम्प्युटर शिक्षकहरुका लागि सुचना प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ ।

९५. गाउँपालिकाका सम्पुर्ण कार्यलाई सुचना तथा प्रविधिमय बनाउनको लागि कम्प्युटर सफ्टवेर प्रणाली मार्फत डिजिटाइज गरिनेछ । साथै सुचना तथा सेवाहरुलाई डिजिटल नागरिक बडापत्र र डिजिटल नोटिस बोर्ड मार्फत आम जनतालाई सूसुचित गरिनेछ । गाउँपालिकाको भौगोलिक तथा वस्तुगत र अन्य सम्पुर्ण विवरणको लागी गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गरिनेछ ।

९६. गाउँपालिकाका सम्पुर्ण विवरण झल्किने गरी गाउँपालिका तथा वडाको डकुमेन्ट्री भिडियो वनाइने छ ।

९७. गाउँपालिका तथा विषयगत शाखा कार्यालयहरुमा इन्टरनेट, डिजिटल हाजिरी, इन्टरकम टेलिफोनको व्यवस्था गरिनेछ ।

९८. गाउँपालिका अन्तर्गतका विभिन्न शाखा तथा वडाहरुमा आवश्यक सफ्टवेयर तथा डिजिटल डिभाइसको व्यवस्था गरिनेछ ।

९९. जलउत्पन्न प्रकोप नियन्त्रणको लागि जोखिम युक्त स्थानहरुको पहिचान गरि तटबन्धका लागि तारजालिको व्यवस्था गरिनेछ ।

१००. गाउँपालिका भित्रका सम्पुर्ण महिला आमा समुहहरुलाइ दिइदै आएको अनुदान रु १० हजार बाट बढाइ १५ हजार पुऱ्याइने छ ।

१०१. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरि कार्यन्वयनमा ल्याइने छ । प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधानलाई कडाइका साथ लागु गरिनेछ ।

१०२. उत्कृष्ट काम गर्ने जनप्रतिधि र कर्मचारिलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

१०३. कानूनी साक्षरता कार्यक्रम तथा निर्वाचित जनप्रतिनिधीहरुलाई अतिआवश्यक कानूनी ज्ञान प्रदान गर्ने व्यवस्था गरिनेछ।

१०४. उपभोक्ता हित संरक्षणकालागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमा सरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गर्ने नीतिलाई नियमित गरिनेछ।

१०५. सुर्तिजन्य र मदिराजन्य पदार्थ बिक्री वितरणलाई नियमन गरिनेछ।तोकेको समय र स्थानबाट मात्र बिक्रीवितरण गर्न पाउने व्यवस्थालाई क्रमशः लागू गरिनेछ।उक्त कार्यमा अगुवाई गरीसहयोग पुर्याउने टोलविकास संस्था र वडाकार्यालयलाई नगद पुरस्कार दिने नीति लिईनेछ।

१०६. गंगादेव गाउँपालिका वडा नं. ३ हिलेचौरमा कृर्षी अनुसन्धान केन्द्रको स्थापना गरिनेछ ।

१०७. प्रदेश नं. ५ को एक घर एक धाराको अवधारणालाई गाउँपालिकाबाट विशेष जोड दिइनेछ ।

१०८. गाउँपालिकाका कर्मचारीको दक्षता बढाउनको लागि आवश्यक्ताको आधारमा विभिन्न तालिक तथा सेमिनारको व्यवस्था गरिनेछ । कर्मचारीको कार्यविवरणको प्रोत्सहानको व्यवस्था गरिनेछ ।

१०९. गंगादेव गाउँपालिकामा अमिन पदको लागी आन्तरिक दरबन्दी सृजना गरी कर्मचारी ब्वस्था गरिनेछ ।

११०. सशस्त्र द्वन्दका घाइते तथा अपाङ्गहरुलाई आवश्यक निति निर्माण गरि प्रति महिना १००० (एक हजार ) जिवन निर्वाह भत्ता उपलब्ध गराइने छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

गंगादेव गाउँपालिकाको यो नीति तथा कार्यक्रमले विकासमा प्राथमिकता र बजेट तर्जुमाका आधार तय गरेको छ। यो नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष रुपमा सहयोग गर्नु हुने गंगादेव गाउँपालिकाका उपाध्यक्ष तथा कार्यपालिकासदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, लगायत सम्पूर्ण कर्मचारीहरु, राजनीतिक दलका नेताहरु, विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तिहरु, विषयगत विज्ञहरु, नागरिक समाजका विभिन्न महानुभावहरु र संचारकर्मीहरुबाट प्राप्त सुझाव र सहयोगका लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु। यसै गरी यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न पनि सबैको साथ सहयोग र विश्वास प्राप्त हुने अपेक्षा गर्दैमेरो सम्बोधन यही अन्त गर्दछु।

**धन्यवाद।**

मितिः २०७८ असार १० गते बिहिवार।